प्रदेश मन्त्रिपरिषद् बैठक संख्या-५८/२०७६को निर्णयहरू:

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/२०/१८३-२०७६/६/०९ को "सुदूरपश्चिम प्रदेशको कृषि विकास कार्यक्रम कार्यविधि, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/२१/१८४-२०७६/०६/०९ को "सुदूरपश्चिम प्रदेशको पशुपन्छी विकास कार्यक्रम कार्यविधि, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

३. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/२२/१८५-२०७६/०६/१६ को "मुख्यमन्त्री एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यविधि, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १ /४४/१८६-२०७६/६/१६ को "सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको तर्जुमाको लागि सैद्धान्तिक स्वीकृत प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/२०/१८७-२०७६/०६/१६ को "सुदूरपश्चिम प्रदेश स्तरीय संयुक्त बजार अनुगमन निर्देशिका, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"अनुसूची २ को खण्ड (आ) उप खण्ड "ज" को "वित्तीय सेवाहरु" भन्ने शब्दावली हटाइ अन्य कुरा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १ /४५/१८८-२०७६/०७/०१ गतेको "प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"(क) नियम ५ को उपनियम (१) को खण्ड (ङ) मा रहेको "स्थानीय तहको" भन्ने शब्दावली हटाउने ।

(ख) नियम ६ को उपनियम (१) को खण्ड (ज) मा रहेको "सामुदायिक विद्यालय" भन्ने शब्दावली पछि "र दलित, महिला, आदिवासी जनजाती सँग सम्बन्धित सहकारीको" भन्ने शब्दावली थप गर्ने ।

(ग) नियम ६ को उपनियम (१) को खण्ड (ट) को "खेलकुद पूर्वाधार" भन्ने शब्दावली पछि "एवम् मानव संसाधन" भन्ने शब्दावली थप गर्ने ।

(घ) नियम ६ को उपनियम (१) को खण्ड (ट) पछि देहायको खण्ड (ठ) राखि त्यसपछिको क्रम मिलाउने- "(ठ) सामुदायिक विद्यालयमा सूचना प्रविधी (ICT) प्रयोगशाला स्थापना सम्बन्धि आयोजना,"

(ङ) नियम ७ को उपनियम (६) मा रहेको " र आर्थिक मामिला तथा योजना मन्त्रालयको" भन्ने शब्दावलीहरु हटाउने।

(च) नियम ७ को उपनियम (११) को सट्टामा देहायको उपनियम (११) कायम गर्ने- "(११) यस नियमावली बमोजिम एक निर्वाचन क्षेत्रमा कम्तिमा पचास लाख रुपैयाँ वरावरको एउटा आयोजना अनिवार्य रुपले छनौट गर्नुपर्ने छ ।आयोजना छनौट गर्दा दश लाख रुपैयाँ भन्दा न्यून रकम विनियोजन गर्न पाइने छैन। तर दश लाख रुपैयाँ भन्दा कम रकमका पाँच आयोजनाहरु छनौट गर्न वाधा पर्ने छैन।"

(छ) नियम ९ को उपनियम (१) मा रहेको "स्थानीय तह वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको प्रदेश स्थित निकाय" को सट्टामा "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको प्रदेश स्थित निकाय वा स्थानीय तह" भन्ने शब्दावली हटाउने ।

(ज) नियम ९ को उपनियम (३) को खण्ड (ग) मा रहेको "सम्बन्धित जिल्ला समन्वय समिति" भन्ने शब्दावली हटाउने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

(झ) नियम ९ को उपनियम (३) को खण्ड (घ) मा रहेको "पदाधिकारी" भन्ने शब्द पछि "(सम्बन्धित दलको विधान अनुसार)" भन्ने शब्दावली थप गर्ने ।

(ञ) नियम ९ को उपनियम (३) को खण्ड (ञ) हटाउने ।

(ट) नियम ९ को उपनियम (७) मा रहेको "कार्यालयको सूचना पाटी र" भन्ने शब्दावली पछि "सम्बन्धित निकायको" भन्ने शब्दावली राख्ने ।

(ठ) यस नियमावलीको नियम १० को उपनियम (१), नियम १२ को उपनियम (१), नियम १४ को उपनियम (१) र नियम १६ को उपनियम (१) को खण्ड खण्डमा रहेको "कार्यान्वयन गर्ने स्थानीय तह वा निकाय" भन्ने शब्दावली को सट्टा "कार्यान्वयन गर्ने निकाय वा स्थानीय तह" शब्दावली कायम गर्ने ।

(ड) नियम १४ को उपनियम (१) को दोस्रो पंक्तिमा रहेको "५० प्रतिशत" लाई "७५ प्रतिशत" कायम गर्ने, तेस्रो पंक्तिमा रहेको "जिल्ला समन्वय समिति" भन्ने शब्द पछि "को कार्यालय" थप गर्ने र "बाँकी" भन्ने शब्दको पछिको "५० प्रतिशत" लाई "२५ प्रतिशत" कायम गर्ने ।

(ढ) नियम १४ को उपनियम (२) र (३) मा रहेको "प्राविधिक" भन्ने शब्द हटाउने ।

(ण) नियम १४ मा देहायको उपनियम (३) थप गरी नियमक्रम मिलाउने- "(३) प्रचलित कानून बमोजिम समितिका पदाधिकारीहरुको अनुगमन खर्च उपनियम (१) बमोजिमको रकमबाट जिल्ला समन्वय समितिको कार्यालयले व्यवस्था गर्ने छ ।"

(त) नियम १४ को नियमक्रम मिलाउदा बन्ने उपनियम (४) मा "परामर्शमा" शब्द पछिको "सम्बन्धित विषयको योग्यता भएको" शब्दावली हटाउने ।"

७. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/३१/१८९-२०७६/०७/०३ को "प्रदेश संस्था दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ लाई सैद्धान्तीक स्वीकृती प्रदान गर्ने" सम्बन्धी विषयको प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली